# प्रारम्भिक वालविकास तथा शिक्षा सञ्चालन कार्यविधि २०८०

## नासौं गाउँकार्यपालिकाको कार्यालय
## धारापानी, मनाङ



सित्तल बहादुर पाण्डे
शिक्षा शाखा प्रमुख

धन बहादुर गुरुङ
नासौं गाउँपालिका अध्यक्ष

बासुदेव भेटवाल
प्रमुख प्रशासकिय अधिकृत

# प्रारम्भिक वालविकास तथा शिक्षा सञ्चालन कार्यविधि २०८०

## नासौं गाउँपालिका धारापानी, मनाङ

नासौं गाउँपालिका धारापानी मनाङमा सञ्चालित प्रारम्भिक बालविकास कक्षालाई व्यवस्था गर्न बनेको यो ऐन तथा कार्यविधि २०८० नासौं गाउँकार्यपालिकाले स्वीकृत गरेपछि यस गाउँपालिका भित्र रहेका सम्पूर्ण (वि)द्यालयहरुमा लागु हुनेछ ।

(प्र)स्तावना :

प्रारम्भिक बालविकासका लागि आवश्यक जनशक्ति तयार गर्न वर्तमान परिवेश सुहाउँदो जनशक्तिको आधार तयार गर्न लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल सबैमा सदाचार, शिष्टचार र नैतिकता विकासलाई कायम राख्न नासौं गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भईरहेका वालविकास कक्षाको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त वालविकास कक्षाको स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले दिएको प्रत्ययोजित अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

यस कार्यविधिको नाम प्रारम्भिक बालविकास ऐन २०८० रहेको छ ।

परिभाषा :

प्रारम्भिक वालविकास शिक्षा भन्नाले विषय वा प्रसङ्गले आर्को अर्थ नलागेमा यस कार्यविधि ऐनमा प्रस्तावना अनुसारको निम्न आधिकारिक पक्षलाई समेटेर लेखिएको दस्तावेजलाई जनाउने छ ।

(क) प्रारम्भिक बालशिक्षा भन्नाले गाउँपालिका अन्तर्गत वडा कार्यालयमा गरिएको जन्म दर्ता अनुसार ४ बर्ष उमेर पुरा गरेका वालवलिकालाई एक बर्षको समय वालशिक्षा दिने घर नजिकको विद्यालयमा उपस्थित समयलाई सम्झनु पर्दछ ।

(ख) प्रारम्भिक वालविकासमा अध्ययनरत वालवालिकाहरुको शारिरीक, मानसिक, भाषिक, सामाजिक संवेगात्मक र नैतिक एवं विविध सिपको सैद्धान्तिक साथै व्यावहारिक विकासका लागि आवश्यक शैक्षिक, व्यावहारिक एवं व्यवस्थापकिय कृयाकलाप सञ्चालन गरिने स्थलको रुपमा विद्यालय हुनेछ ।

(ग) वालविकासको लागि पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पाठ्यक्रम र यस गाउँपालिकाले निर्माण गरेको स्थानिय पाठ्यक्रम आवश्यकता अनुसार स्थानिय भाषा, राष्ट्र भाषा र अन्य भाषामा वाल मनोविज्ञानको साथ कक्षा मनोरञ्जनात्मक किसिमले सञ्चालन गरिनेछ ।

(घ) विद्यालय सेवा क्षेत्र भित्रका सबै अभिभावक, सम्वन्धित वालविकास रहेको वडा कार्यालय र सरोकारवाला संघ संस्थाको आपसी सहयोग, समन्वय तथा सहकार्यमा बालविकास कक्षाको सञ्चालन गरिने छ ।

ङ) प्रारम्भिक वालविकास कक्षा सार्वजानिक विदाको दिन बाहेक विद्यालय खुल्ने समय विहान १०:०० वजे बाट दिनको २ :३० बजे सम्म कक्षा सञ्चालन भएको हुनु पर्ने छ । वालवालिकालाई वालविकास केन्द्रमा ल्याउँदा र लैजादा अभिभावकको साथ र सहयोग अनिवार्य रुपमा हुनु पर्नेछ ।

च) वालविकास केन्द्रमा स्थानिय क्षेत्रमा उत्पादित खाद्य बस्तुलाई प्रथामिकता दिई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको मापदण्ड वामोजिम गुणस्तर कायम हने गरि दिवा खाजाको व्यवस्था गरिनेछ । वालविकास केन्द्रले प्रत्येक दिनको छुट्टा छुट्टै तालिका बनाई खाजा उपलब्ध गराउनु पर्नेछ । दिवा खाजाको बारेमा वालवालिकाहरुको अभिभावक सँग सहयोग लिन सकिने छ ।

प्रारम्भिक वालविकास कक्षा सञ्चालनका लागि आवश्यक्ता अनुसार नयाँ सञ्चालन गर्नका लागि अनुमति दिइनेछ हाल सञ्चालन भएका बालविकास केन्द्रलाई अवस्था हेरी सार्न, गाभ्ना र कार्यरत वालशिक्षकलाई गाउँपालिका भित्र आवश्यक्ता अनुसार खटाउना वा मिलान गर्न सकिनेछ ।

नयाँ वालविकास केन्द्र स्थापना सम्बन्धि व्यवस्था :

गाउँपालिका भित्र कुनै स्थानमा नयाँ वालविकास केन्द्र खोल्नका लागि माग भई आएमा देहाएको प्रकृया पुरा गरि माग गरेमा गाउँकार्यपालिकाले वालविकास केन्द्र स्थापनाको लागि अनुमति दिन सक्नेछ ।

(क) वालविकास केन्द्रमा सहभागि हुने उमेर समुहका वालवालिकाको संख्या कम्तिमा १० जना भएको हुनु पर्नेछ ।

(ख) खुला, शान्त र मनोरञ्जनात्मक सुरक्षित भवन भएको ठाउँलाई प्रथामिकता दिइनेछ ।

(ग) सम्भव भए सम्म भवन बाहेक आधा रोपनी जग्गा भएको हनुपर्ने ।

(घ) सफा , स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको ठाउँ हुनु पर्नेछ ।

(ङ) नयाँ वालविकास केन्द्र स्थापनार्थ सम्वन्धित वडाको सिफारिस सहित पालिकामा पेश गर्नु पर्नेछ ।

(च) नजिकै रहेको वालविकास केन्द्रले दिएको सहमति पत्र पेश गर्नु पर्नेछ ।

(छ) कम्तिमा शिक्षा मूल विषय लिई १२ कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र १५० घण्टे मण्टेश्वरी तालिम लिएको वालशिक्षक हुनुपर्नेछ

(ज) गाउँपालिकाबाट आर्थिक स्रोत नपाए सम्मको लागि आफ्नै स्रोतबाट सञ्चालन गर्न सक्ने गरि सञ्चालकबाट प्रतिवद्धता जाहेर गरेको प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ ।

शैक्षिक योग्यता र तालिम सम्बन्धि :

(क) वालविकास केन्द्रमा कार्यरत वालशिक्षकको योग्यता कम्तिमा कक्षा १२ वा सो सरहको हुनु पर्नेछ ।

(ख) १५० घण्टे मण्टेश्वरी तालिम वा अन्य वालविकास कक्षालाई सहयोग पुग्ने खालको तालिम लिएको प्रमाणपत्र भएको हुनु पर्नेछ ।

(ग) यस नयाँ कार्यविधि लागु हुनु भन्दा अगाडी देखि नियुक्ति लिएर वालशिक्षकमा कार्यरत शिक्षकको हकमा माथि तोकिएको भन्दा कम योग्यता भए पनि काम काज गर्न कुनै वाधा पर्ने छैन ।

रिक्त पदमा नियुक्ति सम्वन्धि व्यवस्था :

यस गाउँपालिका भित्र सञ्चालित वालविकास केन्द्रमा कार्यरत वालशिक्षक कुनै कारणले काम गर्न असमर्थ भए वा छाडेर गइ रिक्त हुन गएमा देहाएको प्रकृया अपनाई योग्यता पुगेका आवेदक व्यक्तिहरुबाट स्वच्छ एवं स्वस्थ प्रतिस्पर्धा गराई छनौट भएका व्यक्तिलाई बढीमा एक शैक्षिक सत्रका लागि करार नियुक्ति गर्नका लागि गाउँकार्यपालिकाको अध्यक्षले अनुमति प्रदान गरि गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले समन्वय गर्नेछ ।

(क) कम्तिमा १२ कक्षा वा सो सरह परीक्षा उत्तीर्ण गरि १५० घण्टे मण्टेश्वरी तालिम लिएको हुनुपर्ने ।

(ख) १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने ।

(ग) कम्तिमा १५ दिनको सार्वजानिक सूचना प्रकाशित गरी सार्वजानिक विज्ञापन गर्नुपर्ने र सो सूचना टाँस गरिएको बारे मुचुल्का समेत तयार पार्नु पर्नेछ ।

(घ) लिखित परीक्षाको पूर्णाङ्क १०० अंकको हुनेछ । मौखिक परीक्षा २५ अङ्क र प्रयोगात्मक परीक्षा २५ अङ्क गरी कूल १५० अङ्कको परीक्षा सञ्चालन गर्नु पर्नेछ

(ङ) मौखिक परीक्षा अन्तर्गत राखिएको २५ अङ्कबाट शैक्षिक योग्यता प्रथम श्रेणी भए ३ अङ्क द्वितीय श्रेणी भए २ अङ्क प्रदान गरिने व्यवस्था गर्नु पर्नेछ ।

(च) स्थानिय भाषामा पठन-पाठन गर्न सक्ने व्यक्तिलाई प्रथामिकता दिनु पर्ने छ ।

करार पदमा नियुक्ति सम्वन्धि व्यवस्था :

१. करार वालशिक्षक पदमा नियुक्ति गर्दा देहाय वमोजिम वालशिक्षक छनौट समिति गठन गर्नु पर्नेछ ।
   (क) विद्यालय व्यवस्थापन समिति अध्यक्ष :- संयोजक
   (ख) माध्यमिक तहको स्थायी शिक्षकहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकिदिएको १ जना शिक्षक :- सदस्य
   (ग) सम्वन्धित गाउँपालिकाको शिक्षा अधिकृत वा गाउँपालिका अध्यक्षले तोकिदिएको १ जना अधिकृत :- सदस्य
   (घ) सम्वन्धित वालविकास केन्द्र रहेको विद्यालयको प्रधानाध्यापक :- सदस्य
   (ङ) विद्यालय बाहिर समुदायमा सञ्चालित वालविकास केन्द्रको बालशिक्षक रिक्त हुन गएमा गाउँपालिका अध्यक्षले तोकिदिएको प्रधानाध्यापक वा १ जना शिक्षक :- सदस्य

२. शिक्षक छनौट समितिले १०० पूर्णाङ्कको लिखित परीक्षा, २५ पूर्णाङ्कको मौखिक परीक्षा र आवश्यक परेमा २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

३. मौखिक परीक्षा २२ अङ्कको सञ्चालन गरी अधिकतम ७०% भन्दा बढी र न्यूनतम ३५% भन्दा कम अङ्क दिएमा सो को कारण खुलाउनु पर्नेछ ।

४. तोकिएको न्यूनतम अङ्क १२ कक्षा वा सो सरहको शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३ अङ्क र न्यूनतम अङ्कको द्वितीय श्रेणी भए २ अङ्क दिनु पर्नेछ ।

५. माथीको मापदण्ड अनुसार उत्तीर्ण मध्ये सवै भन्दा बढी अङ्क ल्याउन सफल परीक्षार्थीलाई छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रका लागि व्यवस्थापन समितिले करार नियुक्ति गर्नेछ ।

६. माथी उल्लेखित बुँदा नं. २, ३ र ४ अनुसारको छनौट परीक्षाको लागि पाठ्यक्रम अनुसूचि १ मा दिए अनुसार हुनेछ ।

८. वालशिक्षकको विद्यालयमा हुनु पर्ने आचरण सम्बन्धि व्यवस्था :

कार्यरत तथा नयाँ छनौट भएका वालशिक्षकले विद्यालयमा देहाए वमोजिमको आचरण पालन गर्नु पर्नेछ ।

(क) नियमित विद्यालयमा हाजिर भई विद्यालय खुल्ने समय १०:०० बजेबाट २:३० बजे सम्म काम काज गरि विद्यालयमा उपस्थित भएको हुनु पर्नेछ ।

(ख) बालशिक्षकले विद्यार्थीको अभिलेख व्यवस्थापन चुस्त र दुरुस्त राख्नु पर्नेछ ।

(ग) प्रत्येक बर्ष IEMIS अध्यवधिक गर्नु पर्नेछ ।

(घ) आफू भन्दा ठूलालाई आदार र सानालाई मायाँ गर्नुको साथै विद्यार्थी एवं सबैमा आदारवाची शब्दहरु बढी प्रयोग गरि सिकाउन ध्यान दिनु पर्नेछ ।

(ङ) पाठ्यक्रम विकास केन्द्र र यस गाउँपालिकाले तोकिदिए वमोजिमको पाठ्यक्रममा आधारित भई विद्यालयमा पठन-पाठन र अन्य व्यवहारिक क्रियाकलाप गराउनु पर्नेछ ।

(च) आफूलाई कुनै काम विशेष वा विरामी परि कतै जानु पर्दा विद्यालयमा पूर्व सूचना तथा जानकारीका साथ अनुमति लिएर मात्र जानु ाा बस्नु पर्नेछ ।

(छ) सादा जीवन र उच्च विचारलाई अबलम्वन गरि विद्यालयमा जाँदा सरकारले तोकिदिएको पोशाक लगाई जानु पर्नेछ ।

(ज) सम्वन्धित निकायले दिएको आदेश तथा निर्देशनको पालना गर्नु पर्नेछ ।

(झ) विद्यालय समयमा सम्वन्धित काममा वाहेक अन्य कामको ध्यान नदिइकन समय विताउनु पर्नेछ ।

(ञ) प्रत्येक वालशिक्षकले विद्यालय व्यवस्थापन समितिले तोकेको आचार संहिता र प्रचालित संघीय तथा स्थानिय ऐन नियमावलीमा भएकोआचार संहिताको पालन गर्नु पर्नेछ ।

शैक्षिक सत्र, भर्ना समय र काम गर्ने दिन सम्बन्धमा :

प्रत्येक वाल विकास केन्द्रको शैक्षिक सत्र सरकारबाट हेरफेर नभए सम्म हाल सञ्चालन भैरहेको हरेक सालको बैशाख १ गते देखि प्रारम्भ भई त्यसै सालको चैत्र मसान्त सम्म कायम रहनेछ । पठन-पाठन समयको हकमा सार्वजानिक विदा र हिउँदे जाडो विदा बाहेक दैनिक १०:०० बजेबाट २:३० बजे सम्म पठन-पाठनको साथै सम्भावित विद्यार्थीहरुले गर्न सक्ने अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

१०. बृत्ति विकास सम्बन्धि सुविधा व्यवस्थापन :

वालशिक्षकहरुको क्षमता विकासका लागि समय-समयमा आवश्यक्ता अनुसार वालकक्षाका वाल बालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग पुग्ने खालका तालिम, अवलोकन भ्रमण र सो सँग सम्वन्धित कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्दै लगिनेछ ।

११. अवकाश सम्वन्धि व्यवस्था :

(क) कुनै पनि वालशिक्षकले आफ्नो व्यवहारिकता वा स्वास्थ्यका कारण सेवाबाट अवकाश लिन चाहेमा विद्यालयमा प्रधानाध्यापक मार्फत विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई रजिनामा पत्र दिनु पर्नेछ । उक्त राजिनामा विद्यालय व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

(ख) बालशिक्षकको उमेरहद नागरिकता अनुसार ६० बर्ष पुरा भएको भोलिपल्टबाट स्वत : अबकाश हुनेछ ।

(ग) विद्यालयमा बालशिक्षक विना सुचना १५ दिन भन्दा बढी अनुपस्थित भएमा विद्यालय व्यवस्थापन समितिले अवकाश गर्न सक्नेछ ।

(घ) वालशिक्षक आचारण भन्दा बाहिर रहि काम गरेको पाइए वा देखेमा वि.व्य.स. ले अवकाश दिन सक्नेछ ।

बिदा एवं सुविधा सम्वन्धि व्यवस्था :

नेपाल सरकार, प्रदेश सरकार र स्थानिय निकायले विदा भनि उल्लेख गरेको दिनमा वालविकास केन्द्र बन्द हुनेछ ।हिउँदे विदा ४५ दिन र अन्य विदा संघीय ऐन-नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ । वालशिक्षकले पर्व वा भैपरि आउने विदा लिदां प्रधानाध्यापकलाई निवेदन दिई स्वीकृत भएपछि मात्र विदामा बस्न पाईने छ । प्रत्येक वालशिक्षकलाई संघिया सरकारले तोकेको पारिश्रमिक रकममा गाउँपालिकाको स्रोत र साधनले भ्याए सम्म थप सुविधा उपलब्ध गराइनेछ ।

१३. विद्यार्थी मूल्याङ्कन तथा अभिलेख सम्बन्धि व्यवस्था :

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदले तोकेको ढाँचामा पाठ्यक्रम लागु गरी पठन-पाठन र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ। विद्यार्थीको मूल्याङ्कन कक्षा कार्य, कक्षामा अनुशासनको अबस्था, विद्यालयमा दैनिक उपस्थितिको अबस्था, व्यवहार परिवर्तन, कक्षा सहभागिता जस्ता मापदण्डका आधारमा निरन्तर मूल्याङ्कन गरी अभिलेख राखेर सो को जानकारी अभिभावक र समितिलाई दिनु पर्नेछ ।

. विविध :

प्रारम्भिक वालविकास केन्द्रको भौतिक, शैक्षिक एवं समुन्नत पक्षको विकासमा सहयोग गर्नु सवै निकायको जिम्मेवारी हुनेछ । समय-समयमा वालविकास केन्द्रको अनुगमन गरी आवश्यक सहयोग र पृष्टपोषण दिने काम स्थानिय निकायको हुनेछ । प्रत्येक वालविकास केन्द्रको चिन्ह षटकोणको हुनेछ । वालविकासको सम्पत्ति को सुरक्षा, सम्बर्द्धन तथा जिम्मेवारी सम्भावित अभिभावक र वडाको हुनेछ ।

यस कार्यविधिमा उल्लेखित वुंदा प्रचालित शिक्षा सम्बन्धि ऐन तथा नियमावली सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

नासौं गाउँकार्यपालिकाले यस कार्यविधिलाई आवश्यक्ता र औचित्यको आधारमा संशोधन वा थपघट गर्न सक्नेछ ।

यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भए पछि सवै वालविकास केन्द्रमा लागु भई सोहि अनुसार सञ्चालन हुनेछ ।

वालविकास कार्यविधिको नियम ७ को उपनियम ३ सँग सम्वन्धित पाठ्यक्रममा आधारित ढाँचा :

पूर्णाङ्क :- १००
उत्तीर्णाङ्क :- ४०
समय :- ३ घण्टा

विषयगत प्रश्न :- १०

(१) प्रारम्भिक बालविकास सम्बन्धि पाठ्यक्रम, शिक्षण विधि र मूल्याङ्कन तथा अभिलेख सम्बन्धि ।

(२) बाल व्यवहार एवं वाल मनोविज्ञान सम्वन्धि ।

(३) शैक्षिक सामग्री, शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाईमा पार्ने भूमिका सम्बन्धि ।

(४) प्रचालित नेपालको संविधान (शिक्षा सम्बन्धि), शिक्षा ऐन नियमावली र स्थानिय पाठ्यक्रम सम्बन्धि ।

(५) शिक्षकमा हुनु पर्ने व्यक्तिगत, सामाजिक, र व्यावसायिक गुणहरु सम्बन्धि ।

(६) वालशिक्षाको ऐतिहासिक भूमिका साथै निति नियम सम्बन्धि ।

(७) शिक्षको राट्रिय उदेश्य, तहगत उदेश्य र विषयगत उदेश्यहरु बारेमा ।

(८) शिक्षणका विधिहरु अन्तर्गत शिक्षक केद्रित विधि, विद्यार्थी केन्द्रित विधि र अन्तरक्रिया विधि बारे ।

(९) निरन्तर विद्यार्थी मूल्यङ्कनको परिभाषा, व्यवस्थापन र पृष्ठपोषण सम्वन्धमा ।

(१०) प्रभावकारी व्यवस्थापनका लागि अभिभावक र अन्य सरोकारवाला सँग समन्वय तथा सहकार्य बारेको भूमिका सम्बन्धि ज्ञान ।

(११) बालविकासको महत्व, वालविकास केन्द्रमा हुनुपर्ने भौतिक, शैक्षिक, खानेपानी र स्वाच्छ वातावरण सम्वन्धि ।

(१२) व्यवहार कुशल सीपहरु ।

(१३) वाल अधिकार महासन्धि १९८९, वर्तमान अबस्थामा वाल अधिकार सम्वन्धि कानुनी प्रावधान ।